झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

दोस्रो पटक प्रकासित सुचना नं. ठेक्का-02/JRM/SQ/GOODS/2079/080
नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र विक्री सम्वन्धी
सिलवन्दी दरभाउपत्र आव्हानको सूचना मिति -२०७९/०५/२१

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दफा ९ (१) को अनुसूची ६, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०४/२६ गतेको निर्णय बमोजिम आ.व.२०७९/८० का लागि देहाय बमोजिमको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले गाउँ कार्यपालिकावाट तोकिएको दररेटमा झिमरुक गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परिमाण मध्ये देहायको परिमाणको ढुङ्गा, गिट्टी, र वालुवा आदि नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री करहरुको असुली सम्बन्धी कार्य गर्नको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म दर्ताको नबीकरण सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र नेपाली नागरिकताका प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | संकलन तथा उत्खनन क्षेत्र | संकलन तथा उत्खनन् परिमाण | विक्री शुल्क रु प्रति घन मिटर (मू.अ.कर बाहेक) | न्यूनतम ठेक्का अंक (मू.अ.कर र अग्रिम आय कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|
| 02/JRM/SQ/GOODS/2079/080 | ढाँड क्षेत्र वडा नं. ३,५,७,८ मच्छी क्षेत्र वडा न.५,७ अरगेली क्षेत्र वडा नं. ६, ७ तुषारा,चिसावाङ्ग क्षेत्र वडा नं. ६, ७ कुटीचौर क्षेत्र वडा नं. ६, ७ सौतामारे बालुवा क्षेत्र वडा न.१ | १६५०० घन मिटर | रु ९९.५६ | १६४२७४०। | मू.अ.कर र अग्रिम आय कर सहित कबोल अंङ्कको ५%ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको वैंक जमानत |

१ दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN वा VAT दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु, नागरिकताको प्रमाणपत्र र दरभाउत्र फाराम दस्तुर रु १००० (पछि फिर्ता नहुने गरी) बुझाई उल्लिखित समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२ सिलवन्दी दरभाउ पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामवाट यस गाउँपालिकाको नाममा सम्वोधन गरी सिलवन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी सिलवन्दी लाहाछाप लगाई खामको वाहिर कामको विवरण, ठेक्का सूचना नं. समेत उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समयभित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि सिलवन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३ सिलवन्दी दरभाउ पत्र फाराममा दरभाउपत्रदाताले कबोल गरेको कुल कबुल अंकको (मूल्य अभिवृद्धि कर सहित) ५ प्रतिशत धरौटी रकम झिमरुक गाउँपालिकाको कार्यालयको नाममा रहेको सिटिजन वैंक इन्टरनेश्नल लिमिटेड, मच्छी, शाखामा रहेको झिमरुक धरौटी खाता नं. ०७५०१०००००१३६२०१ मा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय वीस ) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी रकम जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४ दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाई वा पेन्सिलले लेखेकोलाई मान्य दिइने छैन ।

५ ठेक्काको स्वीकृत पश्चात तोकिएको समयभित्र सम्झौता हुनुपूर्व नै मू.अ.कर सहितको कबुल रकमको एकमुष्ट रकम वुझाएमा दश प्रतिशत छुट दिइने छ । सो नभए प्रथम किस्तामा मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा १ वर्षसम्म म्याद सहित जारी गरीएको बैंक जमानत समेत पेश गरी पट्टा लिनु पर्नेछ ।

२०७९/५/२१

सुपारी रिजाल
प्रमुख प्रशासकीय अधिकृत

६ सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ। मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको सिलवन्दी दरभाउपत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिने छ ।

७ ठेक्का संचालनको सिलसिलामा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

८ झिमरुक गाउँपालिकाको कार्यालयलाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

९ ठेक्का सम्झौता अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट बैंक जमानत जफत गरिने छ ।

१० ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८० साल आषाढ मसान्तसम्म हुनेछ । तर नदीजन्य सामग्रीको उत्खनन/संकलन अवधि ठेक्का सम्झौता भएको मितिबाट २०८० जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

११ झिमरुक नदी र गर्तङ्ग खोलाबाट निकालिने निर्माण सामग्री निकाल्दा झिमरुक गाउँपालिकाको कार्यालयवाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्ने छ ।

१२ नदीजन्य सामग्रीहरु उत्खनन/संकलन गर्दा माथि उल्लिखित नदी तथा खोलाहरुवाट मात्र गर्न पाईने छ । साथै सो उत्खनन सम्बन्धी स्वीकृत (IEE) प्रतिवेदनको विस्तृत विवरण सिलवन्दी दरभाउपत्रसाथ उपलब्ध गराईने छ ।

१३ सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१४ कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार झिमरुक गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

१५ सर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका सिलवन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

१६ यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको सिलवन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१७ जिल्ला अनुगमन तथा समन्वय समिति र झिमरुक गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिने छ ।

१८ (IEE) प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ । यसरी उत्खनन गरेको परिमाणको लगत प्रत्येक १/१ महिनामा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन । यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलान पूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

१९ माथि उल्लिखित सर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य सर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा झिमरुक गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२० अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा झिमरुक गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०७९।१२।२९

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत